एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०४/१७
प्रकाशित मिति : २०७६/०४/१९
एक शिक्षक, एक ल्याप्टप कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६ : २०७६/०९/०७

प्रस्तावना: नेपालको संविधान २०७२ को अनुसूची ८, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (ज) आधारभुत तथा माध्यमिक शिक्षा (२२) अनुसार स्थानीय सरकारले गर्ने गतिविधि तथा कार्यक्रमलाई प्रविधि मैत्री तरिकाले सञ्चालन गर्नका लागि शिक्षण सिकाइमा सुधार गर्ने र सबै शकहरूलाई प्रविधिमैत्री सिकाइको लागि योग्यस्थल बनाउने गरी यो कार्यविधि तयार गरिएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भ:** (क) यस कार्यविधिको नाम **"एक शिक्षक, एक ल्याप्टप कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६"** रहनेछ। यसपछि कार्यविधि मात्र भनिने छ।

(ख) यो कार्यविधि सम्बन्धित स्थानीय सरकारको कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२) **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"मन्त्रालय"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनुपर्ने
छ।

(ख) **"शिक्षक"** भन्नाले फेदीखोला गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा अध्यापन गराउने माध्यमिक तह सम्मका सबै किसिमका दरवन्दी, करार, अस्थायी, बालकक्षा, निजी शिक्षक र विद्यालय कर्मचारी समेतलाई जनाउदछ।

(ग) **"कार्यक्रम"** भन्नाले कार्यविधिको २ (ख) भित्रका सबै शिक्षकहरुलाई सञ्चालन हुने प्रक्रियालाई जनाउदछ।

(घ) **"स्थानीय तह"** भन्नाले फेदीखोला गाउँपालिकालाई सम्झनुपर्ने छ।

(ङ) **"दिग्दर्शन"** भन्नाले कार्यविधिमा समेटिएक सूचकहरूलाई सम्झनुपर्ने छ।

(च) **"गैरसरकारी संस्था"** भन्नाले नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरि गठन भएका सामाजिक संस्थाहरूलाई समझनुपर्ने छ।

३) **कार्यक्रम सञ्चासन विधि:**

(क) कार्यविधि सञ्चालन स्थानीय तहले कार्यपालिकाबाट स्वीकृत गरेपछि लागू हुनेछ। यसका लागि ल्याप्टप खरिदमा स्थानीय तहले रु १५,०००/ (अधेरूपी पन्ध्र हजार रूपैया मात्र) तोकिएको मापदण्ड अनुसारको ल्याप्टप खरिद गर्नका लागि प्रोत्साहन अनुदान दिने छ। विद्यालयले न्युनतम रु.५०००।- (अक्षरूपी पांचहजार मात्र) दिन सक्नेछ।

(ख) ल्याप्टपको न्युनतम मापदण्ड निम्नानुसार हुनेछ। 1.4GB RAM 256 GB SSD सो मापदण्ड अनुसारको कुनै पनि कम्पनीको ल्याप्टप खरिद गर्न सकिने छ।

(ग) ल्याप्टप खरिद गर्दा स्थानीय तहले एकमुष्ठ शिक्षकहरूसँग माग संकलन गरि शिलवन्दी वोलपत्र आव्हान गरि नियमानुसार खरिद गर्न सक्नेछ।

(ग).१. नियम (ग) मा उल्लेख भए बमोजिम शिलबन्दी बोलपत्र आव्हान गरी खरिद प्रकृया अघि बढाउँदा तोकिए बमोजिम स्पेशिफिकेशन अनुसारको कम्प्युटर प्राप्त नहुने वा कार्यालयको लागत अनुमान भन्दा बढी पर्न गएमा सो बोलपत्र रद्ध गरी तोकिएको मापदण्ड बमोजिमका कम्प्युटरहरु सम्बन्धित विद्यालय र शिक्षकहरुको समन्वयमा खरिद गर्न सक्ने र कम्प्युटर विशेषज्ञबाट निरिक्षण प्रतिवेदन (Inspection Report) प्राप्त भएपछि विद्यालयको खातामा तोकिएको रकम एकमुष्ट निकासा गर्न सकिने छ।[1]

(घ) कार्यविधि अनुसार प्राप्त ल्याप्टप कम्तिमा चालु शैक्षिक सत्र २०७६ चैत्र मसान्तसम्म अध्ययापन गराउने शिक्षकलाई उपलब्ध गराइने छ।

[1] पहिलो संशोधनबाट थप

(ङ) कार्यविधि ४ (घ) अनुसार सहभागी भै सो समय अगावै अध्यापन कार्य छाडेमा वा सरुवा भै यस स्थानीय निकाय बाहिर गएमा तोकिएको ह्रास कट्टी गरी सो ल्याप्टप विद्यालय वा नयाँ शिक्षकले लिन सक्नेछ।

(च) हाल ल्याप्टप प्रयोग गरिरहेका शिक्षकहरूलाई कार्यविधि अनुसारको अनुदान स्थानीय तहबाट दिने अनुदान प्राप्त हुने छैन ।

(छ) कार्यविधि अनुसार सहभागी भै नियम ४ (घ) को समय पश्चात हो ल्याप्टप सम्बन्धित शिक्षकको स्वामित्वमा रहने छ ।

(ज) कार्यविधिको नियम ४ (ख) भन्दा फरक मापदण्डको ल्याप्टप खरिद गर्न चाहने शिक्षकले 1.4GB RAM 256 GB SSD को पनि खरिद गर्न सक्ने छ। यस्तो मापदण्डको ल्याप्टपको पनि टेन्डर आव्हान गर्नु पर्ने छ।

(झ) स्थानीय तहले ल्याप्टपको टेन्डर आव्हान गर्दा ४(ख) र ४ (ज) भन्दा बाहेक अन्य मापदण्डको आव्हान गर्न बाध्य हुने छैन ।

४) **कार्यविधि सञ्चालनका लागि विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाको सहयोग लिन सकिने:**

(क) एक शिक्षक एक ल्याप्टप कार्यक्रम सञ्चालनको लागि फेदीखोला गाउँपालिकामा शाखा रहेको सांग्रिला विकास बैंकले सरकारी कोषबाट तलब छाने शिक्षक कर्मचारीहरुको लागि मात्र आवश्यक परेको खण्डमा सुविधाजनक दरमा ऋण प्राप्त गर्न सक्ने छन् ।

(ख) ५(क) अनुसारको लागि प्राप्त हुने ऋण सहयोगको लागि फेदीखोला गाउँपालिका जमानी बस्न सक्ने छ ।

(ग) ५ (क) अनुसार प्राप्त हुने प्राण सहयोगको मूलधन रू ३५,०००/ (अधेरूपी पैतीसहजार रूपैया) भन्दा बढी हुने छैन ।

(घ) ५(ग) अनुसार प्राप्त हुने सहयोग बैंकको प्रचलित व्याजदर अनुसार हुने छ। उक्त रकमको मूलधन र व्याज एकमुष्ठ किस्तामा विभाजन गरि प्रति किस्ता रकम निर्धारण गरिने छ ।

(ङ) ५(ग) अनुसार प्राप्त रकमको किस्ता बापतको रकम कऋण लिने शिक्षकको मासिक तलबबाट फेदीखोला गाउँपालिका लेखा शाखाले कट्टी गरि बैंकलाई भुक्तान गरिने छ।

५) **अनुगमन तथा निरीक्षणको लागि समिति गठन गर्न सकिने:** यस कार्यविधि अनुसारको कार्यक्रममा सहभागी भएका शिक्षकहरूको कार्य प्रगतीका बारेमा अनुगमन र निरीक्षण गरि आवश्यक सल्लाह र सुझाव प्रदान गर्नका लागि स्थानीय तह अन्तर्गतको कार्यक्रम अनुगमन समिति गठन गर्न सकिने छ। यस समितिमा देहाय अनुसारका व्यक्तिहरू रहने छन

(क) स्थानीय तहको शिक्षा शाखा प्रमुख - संयोजक

(ख) सम्बन्धित स्थानीय तहको योजना शाखा प्रमुखले तोकेको व्यक्ति -सदस्य

(ग) सम्वन्धित स्थानीय तहले तोकेको शिक्षण संस्थाका २ जना प्रतिनिधि -सदस्य

(घ) कार्यक्रम सञ्चालन भएको वडाको सचिव -सदस्य सचिव

६) **यस कार्यविधि अनुसारको समग्र कार्यक्रमको अनुगमन गर्न देहाय अनुसारको अनुगमन समिति गठन हुनेछ:**

(क) स्थानीय तहको प्रमुख -संयोजक

(ख) सम्बन्धित स्थानीय तहको शिक्षा शोखा हेर्ने कार्यपालिका - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित स्थानीय तहले तोकेको शिक्षण संस्थाका वि. व्य.स. अध्यक्ष मध्येबाट १ जना -सदस्य

(ङ) स्थानीय तहको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

७) **विविध:** यस कार्यविधिमा उल्लेखित प्रक्रियाहरूसँग नबाझिने गरि प्रचलित ऐन कानून तथा निर्देशनहरूसँग प्रतिकुल नहुने गरि परिमार्जन तथा आवश्यकता अनुसार अन्य प्रक्रियाहरूका सम्बन्धमा स्थानीय तहले संशोधन तथा परिमार्जनको लागि निर्देशन गर्न सक्ने छ।